नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

**शैक्षिक परामर्श सेवा,पूर्व तयारी कक्षा तथा भाषा शिक्षण सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाहरुलाई थप दस्तुर तिरी संस्था नवीकरण गराउने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अत्यन्त जरुरी सूचनाः-**

मितिः २०८२/०८/२४

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्वन्धी निर्देशिका, २०७३ (प्रथम संशोधन, २०८१) बमोजिम शैक्षिक परामर्श सेवा / पूर्वतयारी कक्षा / भाषा शिक्षण सम्वन्धी कार्य गर्न स्वीकृति प्राप्त गरी आ.व. २०८१/८२ का लागि नवीकरण भएका र नवीकरणका लागि अनलाइन एप्लिकेसनमा आवद्ध भएका तर तोकिएका कागजात सँलग्न राखि मन्त्रालयमा फायल वुझाउन बाँकी भई नवीकरण पत्र प्राप्त गर्न नसकेका संस्थाहरुलाई आ. व २०८२/८३ का लागि नवीकरण गर्न मिति २०८२/०८/०१ मा सूचना प्रकासित गरिएकोमा तोकिएको मिति २०८२/०८/१५ भित्र निवेदन दिन छुट भएका संस्थाहरुलाई नवीकरण दस्तुरका अतिरिक्त विलम्ब दस्तुर रु ५०००।०० (पाँच हजार मात्र) तिरी निवेदन गर्न सवैमा सूचित गरिन्छ । तोकिएको म्याद नाघेर प्राप्त हुने निवेदन उपर कुनै कारवाही नहुने तथा निवेदन नगर्ने संस्थाहरु आ. व २०८२/८३ का लागि सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाको सूचिमा समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

क) मिति २०८२/०८/०१ को सूचना उल्लिखित भए बमोजिमका कागजात र निवेदन ।

ख) संस्थाले वुझाउन बाँकी रहेको नवीकरण दस्तुर देहाय बमोजिम राजश्व दाखिला गरी भौचर स्क्यान गरेर अपलोड गर्नु पर्नेछ र Hard Copy फायल मा सक्कलै भौचर राखेर वुझाउनु पर्नेछ ।

- दाखिला गर्ने कार्यालयः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- कार्यालय कोडः ३५०००३५०१
- आ.व. २०८२/८३ का लागि नवीकरण दस्तुर रु. २०,०००/०० र सो भन्दा अगाडी प्रतिवर्ष रु ३०००/०० का दरले राजश्व शीर्षक नः १४२२९ जम्मा गरेको भौचर ।
- विलम्व दस्तुर रु ५०००/०० राजश्व शीर्षक नं १४३१२ मा जम्मा गरेको भौचर ।

ग) एभरेष्ट वैङकमा राजश्व दाखिला गर्दा देहायको खातामा गर्नु पर्नेछ ।

- खाता नम्बरः ००१००१०६२०००००

घ) राष्ट्रिय वाणिज्य वैङकमा राजश्व दाखिला गर्दा देहायको खातामा गर्नु पर्नेछ ।

- खाता नम्बरः १०००१००२०००१००००

ङ) निवेदन पेश गर्नु पर्ने अन्तिम मितिः २०८२/०९/०६ गते कार्यालय समय भित्र ।

फोन नं.:
वेबसाइटः www.moest.gov.np

Scanned with CamScanner